# माओवादी कार्यकर्ताको हत्या सम्बन्धमा प्रारम्भिक संक्षिप्त प्रतिवेदन

नेकपा (माओवादी) का कार्यकर्ता ३५ वर्षीय शिवपुजन कुर्मी ०६४ चैत ९ गते कपिलबस्तु जिल्लाको माओवादीको चुनावी प्रचार-प्रसार कार्यक्रममा सहभागी भई हथिहवा गाविस-९ सिवलवास्थित आफ्नो घरतर्फहिँडेका थिए । सिवलवास्थित घर नजिकै सिवलवाचोकको एक होटलमा चिया पिइरहेको अवस्थामा साँझ करिब ४ बजे तीनजनाको सङ्ख्यामा रहेका हतियारधारी समूहले सुरक्षाकर्मीको सामुन्ने गोली प्रहार गरी हत्या गरे ।

माओवादीको चुनाव प्रचार-प्रसारका क्रममा लवनी गाविसमा आई घरतर्फफर्कने क्रममा सिवलवा पुगेका शिवपुजन स्थानीय रामराज भरको चिया पसलमा चिया पिउँदै गरेको अवस्थामा सोही होटल अगाडिको एक होटलबाट तीनजना व्यक्ति हतियार देखाउँदै चिया पसलतर्फगई शिवपुजनमाथि एकाएक गोली प्रहार गरेका थिए । गोली प्रहारपछि एउटा मोटरसाईकलमा तीनैजना चढेर पूर्वतर्फलागेको प्रत्यक्षदर्शीको भनाई र घटनाको स्थलगत अनुगमनमा पाइएका तथ्यहरूबाट बुझिन आएको छ । गोली चल्नुपूर्व सो होटलभन्दा नजिकै १२५-१५० जनाको सङ्ख्यामा स्थानीय मानिसहरू होली पर्व मनाइरहेका साथै हत्याको समयमा घटनास्थल सामुन्ने तीनजना प्रहरी ड्युटीमा खटिएका थिए ।

गोली प्रहारपछि घाइते अवस्थामा रहेका शिवपुजनलाई २ जना प्रहरीले शिवपुजनकै मोटरसाईकलमा राखी लवनीसम्म लगेको र त्यहाँ देखि प्रहरीको गाडीमा तौलिहवा जिल्ला अस्पतालमा करिब साँझ ५:३० बजे पुर्‍याउदा डाक्टरले उनको मृत्यु भइसकेको बताएका थिए । लासको भोलिपल्ट बिहान पोष्टमार्टम गरियो । पोष्टमार्टमअनुसार शिवपुजनलाई छातीमा एक, देब्रे कोखामा एक, दाहिने कोखामा एक र टाउकोको पछाडी भागमा एक गरी जम्मा चारवटा गोली लागेको थियो ।

सो हत्याको खबरसँगै आक्रोशित माओवादी कार्यकर्ताले लवनीचोकमा चुनावी अभियानको क्रममा रहेका नेपाली काङ्ग्रेसका नेता एवम् कपिलबस्तु जिल्ला निर्वाचन क्षेत्र नं. २ का उम्मेद्वार दिपकुमार उपाध्यायलगायत काङ्ग्रेसका नेता कार्यकर्तामाथि आक्रमण प्रयास गर्नुका साथै विभिन्न ठाउँका नेपाली काङ्ग्रेसको सम्पर्क कार्यालयमा तोडफोड तथा आगजनी गरेका थिए । यी घटनाक्रमपछि कपिलबस्तुमा दुई राजनीतिक दलहरूबीचको दुरी टाढिँदै गइरहेको अवस्थामा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा र जिल्लास्थित वकालत मञ्च नेपाल, मधेश मानवअधिकार अनुगमन सञ्जाल, हुर्सेक नेपाल, नियोक र इन्सेक कपिलबस्तु र रूपन्देही सहितका मानवअधिकारवादी र सञ्चारकर्मीहरूको टोलीले (दुई दिन) चैत

११ र १२ गते शिवपुजनको हत्या भएको स्थान र जिल्लाको मानवअधिकार र निर्वाचकीय वातावरणको स्थलगत र वस्तुगत अनुगमन गरेको थियो ।

टोलीले घटनास्थलमा पुगी प्रत्यक्षदर्शी, स्थानीय बासिन्दा, पीडित परिवारका सदस्यहरू, सुरक्षा निकायका प्रमुख, प्रमुख जिल्ला अधिकारी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, मानवअधिकारकर्मी एवम् अन्य सरोकारवाला पक्षसँग भेट गरी घटनाको सम्बन्धमा जानकारी लिएको थियो ।

त्यस घटनाको सम्बन्धमा घटनास्थलको स्थलगत अनुगमन सरोकारवाला पक्षसँग गरिएको कुराकानी र घटना अध्ययनको क्रममा प्राप्त तथा उपलब्ध प्रमाण-तथ्यहरूको विश्लेषणको आधारमा : होलीपर्वका दिन भारतीय भूमि हुँदै एउटा मोटरसाइकलमा तीनजनाको सङ्ख्यामा आएका हतियारसहितका व्यक्तिबाट ड्युटीमा खटिएका तीनजना सुरक्षाकर्मीको सामुन्ने शिवपुजनको गोली प्रहारबाट हत्या भएको देखिन्छ । सुरक्षाकर्मीकै सामुन्ने भएको हत्या घटनाको यथार्थ विवरण जिल्लास्थित प्रहरी-प्रशासनले यथाशीघ्र सार्वजनिक गर्नुपर्नेमा आजका मितिसम्म सो घटनामा संलग्न व्यक्तिलाई न त गिरफ्तार गरी कानुनी प्रक्रिया अगाडि बढाएको छ न त घटनाको सम्बन्धमा यथार्थ विवरण सार्वजनिक गरेको छ । घटनाको यथार्थ विवरणको अभावमा जिल्लामा गलत अफवाह फैलिरहेको छ, जसले चुनावी वातावरणलाई प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पारिरहेको छ । घटनाको सम्बन्धमा प्रहरी-प्रशासनबाट गरिएको ढिलासुस्तीले गर्दा ती निकायलाई हेर्ने जनताको दृष्टिकोण नकारात्मक बन्दै गइरहेको पाइएको छ । प्रहरीकै सामुन्ने भएको हत्याका दोषीहरूलाई आजसम्म पनि पत्ता लगाउन नसक्नु र जनताका सामु स्पष्ट पहिचान खुलेका दोषीलाई कानुनी कारबाही गर्न नसक्नुले दण्डहीनताको सँस्कृति मौलाउँदै गएको आभाष हुन्छ । साथै सो घटनाले जिल्लाको शान्ति-सुरक्षाको अवस्थाको चित्रण र प्रहरी-प्रशासनको कार्यकुशलताको समेत स्पष्ट झल्को दिन्छ ।

· चुनावको संघारमा, शिवपुजन, जो माओवादीको सक्रिय कार्यकर्ता हुन् उनको हत्या जो-कोहीले जे नियतले गरेको भएता पनि त्यो क्ष्यम्य हुन सक्दैन साथै घटनामा संलग्न व्यक्तिलाई कोही कसैले संरक्षण गर्न हुँदैन । कानुनको सम्मान गर्न हामी सबैमा माग गर्दछौं ।

· माओवादी कार्यकर्ता शिवपुजनको हत्याको घटनाको यथार्थ तथा सत्यतथ्य विवरणको अभावमा एक राजनीतिक दलले अर्को राजनीतिक दललाई आरोप प्रत्यारोप गरिरहेका छन् । जसले स्वस्थ प्रतिस्पर्धात्मक चुवानी वातावरणलाई ढुल्मुलाई रहेको छ । त्यसैले घटनाको छानविन गरी घटनाको यथार्थ विवरण बाहिर ल्याउन यथाशिर्र एक छानबिन समिति गठन गर्न हामी सरकारसमक्ष माग गर्दछौं ।

· उक्त घटनाबाट पीडित परिवारलाई उचित क्षर्तिपूर्ति तथा राहत उपलब्ध गराउन र घटनामा संलग्न व्यक्तिलाई जुनसुकै राजनीतिक दलको संरक्षणमा रहे पनि कानुनको दायराभित्र ल्याई कानुनी कारवाही गर्न हामी पुनः जोडदार मागको गर्दछौँ ।

· निर्वाचनको तिथि नजिकिँदै जाँदा यस्ता मानवअधिकार विरोधी घटना र निर्वाचन आचार-संहिता विपरीतका घटनाक्रमले नेपालको इतिहासमा पहिलोपटक हुन लागेको संविधानसभा निर्वाचनको निष्पक्षतालाई प्रभाव पार्न सक्ने हुँदा राजनीतिक दलहरू संवेदनशील भई आफ्ना चुनावी गतिविधिलाई स्वस्थ प्रतिस्पर्धात्मक ढङ्गले सञ्चालन गरी जनताको मताधिकारको उपभोग गर्ने वातावरण बनाउन हामी सम्बन्धित पक्षसंँग आग्रह गर्दछौँ । निर्वाचन स्वच्छ, स्वतन्त्र र भयमुक्त वातावरणमा सम्पन्न गर्न सबै दल, उम्मेद्वार, मतदाता, सुरक्षा तथा सरकारी निकाय, नागरिक समाज, मानवअधिकारकर्मी, पर्यवेक्षक, स्वयम्सेवक, आमसञ्चार जगत् तथा आमनागरिकको भूमिका अहम हुन्छ । नेपालको इतिहासमा पहिलो पटक हुन लागेको यो ऐतिहासिक निर्वाचनमा कुनै नेपाली मतदाता वञ्चित हुन हुँदैन । त्यसैले सबैले मतदानमा भाग लिने वातावरण तयार गर्न हामी सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्‍याउन हामी अपिल गर्दछौँ ।

१. इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा
२. मधेश मानवअधिकार अनुगमन सञ्जाल, कपिलबस्तु
३. वकालत मञ्च नेपाल, कपिलबस्तु
४. हुर्सेकनेपाल, कपिलबस्तु
५ नियोक, कपिलबस्तु
६. इन्सेक, कपिलबस्तु
७ इन्सेक, रूपन्देही
८ नेपाल पत्रकार महासंघ कपिलवस्तु

टोलीको तर्फबाट इन्सेक प्रतिनिधि नन्दराम पौडेलद्वारा प्रतिवेदन सार्वजनिक
सार्वजनिक मिति : ०६४ चैत १४ गते कपिलबस्तु, तौलिहवा